सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गरेको अवधिः २०८३ बैशाख १ देखि असार मसान्तसम्म**

**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**

**पोखरा,**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले एकात्मक शासन पद्धति रहेको मुलुकलाई संघीय संरचनामा परिणत गरी संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेको छ। प्रदेशमा प्रदेश सरकार रहने व्यवस्था अनुसार सात वटै प्रदेशमा प्रदेश सरकार मातहत विभिन्न मन्त्रालयहरुको स्थापना गरिएको छ । प्रदेश सरकार मातहत रहने विभिन्न मन्त्रालयहरु मध्ये सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय पनि एक हो । गण्डकी प्रदेशमा यस मन्त्रालयको स्थापना मिति २०७४ माघ २८ गते भएको हो । मिति २०७८ जेष्ठ ५ गते प्रदेश राजपत्रमा सूचना प्रकाशित भई साविकका मन्त्रालयको कार्य विभाजन र केही मन्त्रालयको नाम समेत परिवर्तन गरिएकोमा मिति २०८१ भदौ १६ गते गण्डकी प्रदेश सरकारको राजपत्रमा सूचना प्रकाशन भई साविकको सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयलाई समायोजन गरी सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय कायम गरिएको छ ।

गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संसोधन सहित) अनुसार यस मन्त्रालयलाई शिक्षा, संस्कृति, विज्ञान प्रविधि, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा ,भाषा संस्कृति, पुरातत्व, श्रम तथा रोजगार, युवा तथा खेलकुद र स्वास्थ्य सम्वन्धित विषयहरुको जिम्मेवारी तोकिएको छ । मन्त्रालयले आफ्नो विषय क्षेत्र भित्रका विभिन्न कानून, नीति, मापदण्डहरु र कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिरहेको छ ।

यस मन्त्रालयको मूल उद्देश्य गण्डकी प्रदेशका जनताको शिक्षा, संस्कृति, विज्ञान प्रविधि, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा ,भाषा संस्कृति, पुरातत्व, श्रम तथा रोजगार लगायत साथै युवा तथा खेलकुद र स्वास्थ्य सम्बन्धित विभिन्न विषयको कानून, नीति, नियम, मापदण्ड निर्माण तथा कार्यक्रमको कार्यान्वयनवाट समग्र सामाजिक क्षेत्रको विकास गरी स्वस्थ शिक्षित सक्षम उद्यमशील नागरिक तयार गरी प्रदेशको विकासमा योगदान गर्दै समाजवाद उन्मुख समृद्ध प्रदेशको निर्माणमा योगदान पुर्याउनु हो ।

## २. मन्त्रालयको काम कर्तव्य र अधिकार

गण्डकी प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | काम, कर्तव्य र अधिकार |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |

| | |
|---|---|
| ३ | प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६ | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७ | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १० | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन |
| ११ | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| १२ | लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परीक्षण |
| १३ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना |
| १४ | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| १५ | समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| १६ | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| १७ | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| १८ | प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय |
| १९ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी |
| २० | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २१ | ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| २२ | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |

| | |
|---|---|
| २३ | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण |
| २४ | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| २५ | संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २७ | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन |
| २८ | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| २९ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ३० | युवा सम्वन्धी प्रदेश नीति, कानून तथा योजना तर्जमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| ३१ | खेलकुद सम्वन्धी प्रदेश नीति, कानून तथा मापदण्द निर्धारण, कार्यान्वनयन र नियमन खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवद्धन |
| ३२ | खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन |
| ३३ | प्रदेश खेलकुद परिषद सम्वन्धी |
| ३४ | जिल्ला खेलकुद परिषद सम्वन्धी |

## ३. निकायमा रहेका पदाधिकारी तथा कर्मचारी संख्या र कार्य विवरण

| सि.नं | कर्मचारी/पदाधिकारीको नाम, थर | पद/तह/श्रेणी | महाशाखा/शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | मा.रेखा गुरुङ | मन्त्री | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय | |
| २ | डा.शेषनारायण पौडेल | सचिव (रा.प.प्रथम) | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय | |
| ३ | श्री प्रकाशचन्द्र ढुङ्गाना | उप-सचिव (नवौ तह) | प्रशासन तथा योजना महाशाखा | |
| ५ | श्री घनश्याम पौडेल | उप-सचिव (दशौं) | युवा तथा खेलकुद महाशाखा | |
| ६ | श्री प्रकाश देवकोटा | उप-सचिव (नवौं ) | उच्च शिक्षा तथा संस्कृति महाशाखा | |
| ७ | श्री हरिबहादुर खपाङ्गगी मगर | उपसचिव नवौ | सामाजिक विकास महाशाखा | |
| ८ | श्री टंकप्रसाद ढकाल | अधिकृत आठौ | खेलकुद शाखा | |
| ९ | श्री नारायणप्रसाद बाँस्तोला | अधिकृत (आठौं) | युवा शाखा | |
| १० | श्री अमर नेपाली | अधिकृत (आठौं) | प्रशासन योजना तथा अनुगमन शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | श्री हिमलाल शर्मा | वरिष्ठ शिक्षा अधिकृत | माननीय मन्त्रीज्यूको निजि सचिवालय | |
| १२ | श्री रामबहादुर मगरती | अधिकृत सातौ | आर्थिक प्रशासन शाखा | |
| १३ | श्री सिर्जना आचार्य | कानून अधिकृत | फैसला तथा कानून कार्यान्वयन शाखा | |
| १४ | श्री अञ्जना शर्मा | शाखा अधिकृत | श्रम तथा रोजगार शाखा | |
| १५ | श्री देवी शर्मा | महिला विकास अधिकृत | लैंगिक मूलप्रवाहीकरण तथा सशक्तिकरण शाखा | |
| १६ | श्री विष्णुकुमारी चापागाई | महिला विकास अधिकृत | बाल अधिकार तथा सामाजिक न्याय शाखा | |
| १७ | श्री नवराज पौडेल | शाखा अधिकृत | शैक्षिक योजना शाखा | |
| १८ | श्री मुना सुवेदी | पुरातत्व अधिकृत | संस्कृति महाशाखा | |
| १९ | श्री देविन्द्र पुन | प्रदेश कार्यक्रम संयोंजक | सामी परियोजना | |
| २० | श्री विक्रम रिजाल | क.अधिकृत (छैठौं) | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २१ | श्री रिता लम्साल | अधिकृत (छैठौं) | युवा शाखा | |
| २२ | श्री दिक्शा खड्का | अधिकृत (छैठौं) | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २३ | श्री दामोदर वराल | अधिकृत (छैठौं) | प्रशासन योजना तथा अनुगमन शाखा/रोजगार सुचना केन्द्र | |
| २४ | श्री हिरा बहादुर थापा | अधिकृत (छैठौं) | उच्च शिक्षा शाखा | |
| २५ | श्री शरद गुरुङ्ग | अधिकृत छैटौ | बाल अधिकार तथा सामाजिक न्याय शाखा | |
| २६ | श्री जीवन शर्मा | अधिकृत छैटौ | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २७ | श्री गंगादेवी अधिकारी खनाल | प्रा.स. | खेलकुद शाखा | |
| २८ | श्री चोलाकान्त सुवेदी | प्रा.स. | शैक्षिक योजना शाखा | |
| २९ | श्री अस्मिता आचार्य | सहायक पाँचौ | सूचना तथा परामर्शकर्ता | |
| ३० | श्री गंगादेवी अधिकारी खनाल | प्रा.स. | खेलकुद शाखा | |
| ३१ | श्री चोलाकान्त सुवेदी | प्रा.स. | शैक्षिक योजना शाखा | |
| ३२ | श्री अस्मिता आचार्य | सहायक पाँचौ | सूचना तथा परामर्शकर्ता | |
| ३३ | श्री मीना थापा | सहायक चौथो | हटलाइन सेवा | |
| ३४ | श्री राजेश श्रेष्ठ | स.क.अ. | रोजगार सूचना केन्द्र | |
| ३५ | श्री रुद्रलाल सुवेदी | कार्यालय सहयोगी पाचौ | प्रशासन योजना तथा अनुगमन शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | श्री सुनिल मानन्धर | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३७ | श्री हरिप्रसाद गौतम | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३८ | श्री झक बहादुर सारु | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३९ | श्री कमल बहादुर सारु | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४० | श्री श्रीराम बराल | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४१ | श्री पूर्ण बहादुर थापा | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४२ | श्री रामचन्द्र आचार्य | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४३ | श्री गोर्ख वहादुर रोका | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४४ | श्री शान्ति जिरेल | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४५ | श्री बसुन्धरी पराजुली | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४६ | श्री उर्मिला जिरेल | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४७ | श्री पवित्रादेवी लामिछाने | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४८ | श्री बिष्णुमाया मगर | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ४९ | श्री राजु काफ्ले | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |

## ४. निकायबाट प्रदान गरिने सेवा

| महाशाखाको नाम | प्रदान गरिने सेवा | कैफियत |
|---|---|---|
| १. प्रशासन तथा योजना महाशाखा शाखा | | |
| (क) प्रशासन योजना तथा अनुगमन शाखा | - मन्त्रालय अन्तर्गतका सेवा समूहका कर्मचारीहरुको नियुक्ति, पदस्थापन,सरुवा, बढुवा, राजीनामा अवकाश आदिसँग सम्बन्धित कार्य गर्ने,<br>- रिक्त दरबन्दीमा पदपूर्ति प्रक्रिया अगाडि बढाउने,<br>- कर्मचारीहरुको प्रोत्साहन पुरस्कारको सिफारिस गर्ने,<br>- कर्मचारीहरुको कार्य विवरण तयार गर्ने,<br>- कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने,<br>- कर्मचारीहरुको अभिलेख राख्ने,<br>- मन्त्रालयको वेभसाइट व्यवस्थापन गर्ने,<br>- मन्त्रालयका महाशाखाहरुबाट प्राप्त योजना,कार्यक्रम र प्रतिवेदन तयार गरी पेश गर्ने गराउने,<br>- मन्त्रालयवाट प्रकाशन हुने वुलेटिन र समाचारपत्रको प्रकाशनको व्यवस्था मिलाउने,<br>- जनसम्पर्क,सोधपुछ, दर्ता चलानी कार्यहरु व्यवस्थित तवरबाट सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने, | |

| | | |
|---|---|---|
| | - सवारी साधनको परिचालन, विजुली,धारा, टेलिफोन, विद्धुतिय उपकरण, फर्निचरको आपूर्ति तथा मर्मत संभार ,<br>- मन्त्रालयका सामानको खर्च, मर्मत, लिलाम र मिनाहा सम्बन्धि कार्य गर्ने,<br>- भण्डार तथा सम्पत्तिको अभिलेख राख्रे,<br>- सूचना प्रविधि सम्वन्धी कार्यलाई व्यवस्थित गर्दै लैजाने,<br>- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन र रेकर्ड सम्वन्धी कार्य,<br>- माननीय मन्त्रीज्यूको सचिवालय सम्वन्धी कार्य,<br>- प्रशासन तथा योजना शाखा सम्वन्धि अन्य कार्य गर्ने । | |
| (ख) आर्थिक प्रशासन शाखा | - मन्त्रालयको साधारण बजेट तयार गर्ने,<br>- मन्त्रालय अन्तर्गतका निकायहरुलाई प्रदान गरिने अख्तियारी पत्र तयार गर्ने र खर्च सम्बन्धी नर्म्सको व्यवस्थापन गर्ने,<br>- साधारण तथा विकास वजेट निकासा सम्वन्धी कार्य नियमानुसार गर्ने,<br>- प्रशासन शाखाको सहयोग लिइ कर्मचारीको तलवी प्रतिवेदन पारित गरी तलब भत्ता उपलब्ध गराउने,<br>- खर्चको श्रेश्ता राखि लेखापरीक्षण, बेरुजु फर्छ्यौट<br>- विनियोजित वजेटको अधिनमा रहि अधिकार प्राप्त अधिकारीको स्वीकृतीमा खर्च गर्ने,<br>- भए गरेका खर्चको अभिलेखिकरण गर्ने,<br>- आर्थिक प्रशासन शाखासंग सम्वन्धीत अन्य कार्यहरु गर्ने । | |
| (ग) कानून तथा फैसला कार्यान्वयन शाखा | - मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा एन नियमको मस्यौदा तयार गर्ने<br>- मन्त्रालयसँग सम्बन्धित पर्न आएका मुद्दा मामिलाहरु सम्बन्धी आवश्यक कार्य गर्ने,<br>- मन्त्रालयका सबै शाखा महाशाखाहरुलाई कानूनी राय परामर्श दिने<br>- मन्त्रालयका सूचनाहरु राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,<br>- मन्त्रालयका सवै शाखासँग समन्वय गरी नागरिक बडापत्रको व्यवस्थापन गर्ने,<br>- कानून तथा फैसलासँग सम्बन्धित अन्य कार्यहरु गर्ने । | |
| (घ) श्रम तथा रोजगार शाखा | - रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,<br>- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन गर्ने, | |

| | | | |
|---|---|---|---|
| | - श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना तयार गरी कार्यान्वयन गर्ने,<br>- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपणको व्यवस्था मिलाउने,<br>- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमनको कार्यहरु गर्ने,<br>- सीप विकास तालिमको आवश्यकता पहिचान गरी सञ्चालनको व्यवस्था मिलाउने,<br>- श्रम तथा रोजगारसंग सम्वन्धित अन्य कार्यहरु गर्ने । | |
| २. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा | | |
| (क) शैक्षिक योजना तथा विज्ञान प्रविधि शाखा | - प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन<br>- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन<br>- राष्ट्रिय प्रारम्भिक शिक्षा पढाइ कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,<br>- संघ,प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने शैक्षिक कार्यक्रम बीच समन्वय गर्ने,<br>- शैक्षिक विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने,<br>- निरीक्षण,अनुगमन साधन र सूचक तयार गर्ने,<br>- शैक्षिक योजना र कार्यक्रमको अनुगमन मूल्यांकन प्रतिवेदन तयार गरी प्राप्त पृष्ठपोषण अनुसार सुधार गर्ने,<br>- प्रदेशभित्रका विद्यालयमहाविद्यालयहरुको नक्सांकन गर्ने/<br>- शैक्षिक योजना, कार्यक्रम, रणनीति तयार गर्ने,<br>- शिक्षाको विकासका लागि वार्षिक कार्यक्रमहरु तयार गर्ने ,<br>- प्रस्तावित योजना तथा कार्यक्रमका लागि बजेटको प्रारुप तयार गर्ने,<br>- शिक्षा तर्फको चौमासिक, वार्षिक प्रतिवेदन तयार गर्ने,<br>- प्रदेश योजना आयोगसँग सम्बन्धित कार्यहरु गर्ने,<br>- शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अध्ययन, तुलना र विश्लेषण गर्ने,<br>- शैक्षिक योजनाहरुको विश्लेषण तर्जुमा,कार्यान्वयन र विश्लेषण,<br>- शैक्षिक नीति तथा कार्यक्रमको नीतिगत अध्ययन अनुसन्धान गर्ने,<br>- शिक्षामा भौतिक सुधार कार्यक्रमको व्यवस्थापन गर्ने ,<br>- विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा सहजिकरण सम्वन्धी कार्य,<br>- शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उपायहरु खेजि गरी सुझाव दिने,<br>- शैक्षिक योजना र अनुगमन मूल्याङ्कन सम्वन्धि अन्य कार्यहरु गर्ने । | |

| | | |
|---|---|---|
| (ख) विज्ञान, प्रविधि र प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा | - प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन<br>- विद्यालय तथा प्राविधिक शिक्षा तर्फको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण सम्वन्धी कार्य,<br>- प्राविधिक तथा व्यावसायिक तालिम परिषद र यस सम्बन्धी अन्य संस्थाहरुलाई व्यवस्थापकिय सहयोग गर्ने,<br>- प्राविधिक तथा व्यवसायिक शिक्षाका प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुगमन मूल्यांकन र यसको नियमन तथा सुशासन सम्वन्धी कार्य गर्ने,<br>- प्राविधिक तथा व्यवसायिक शिक्षा सम्वन्धि अन्य कार्यहरु गर्ने । | |
| ३. उच्च शिक्षा तथा संस्कृति महाशाखा | | |
| (क) उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा | - प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन<br>- आधारभूत तथा माध्यामिक तहको शिक्षा सम्बन्धी नीति नियम,निर्देशनको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने,<br>- मन्त्रालय , विश्वविद्यालय र महाविद्यालयको सम्पर्क माध्यमका रुपमा काम गर्ने,<br>- विभिन्न तहको परीक्षाको व्यवस्थापन,विश्लेषण र समन्वय गर्ने गराउने<br>- शिक्षक तालिम कार्यक्रमको नीति नियम तयारी र कार्यान्वयनको व्यवस्था मिलाउने,<br>- उच्च शिक्षासँग सम्बन्धित अन्य कार्यहरु गर्ने । | |
| (ख) भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा | - प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>- विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन<br>- प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन<br>- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर | |

| | | |
|---|---|---|
| | सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण<br>- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन<br>- संस्कृतिको विकास सम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन सम्वन्धी कार्य<br>- भाषा संस्कृति र पुरातत्व सम्वन्धि अन्य कार्यहरु गर्ने । | |
| ४. सामाजिक विकास महाशाखा | | |
| (क) लैङ्गिक शसक्तीकरण तथा मूलप्रवाहीकरण शाखा | - महिला हक सम्बन्धि प्रादेशिक नीति ,कानून, मापदण्ड तथा योजना तर्जुमा ,कार्यान्वयन र नियमन सम्बन्धि कार्य गर्ने।<br>- महिला बालबालिका ,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति र लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको तथ्याङ्क संकलन गर्ने ।<br>- लैङ्गिक हिंसा ,मानव बेचबिखन ा ओसारपोस सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि ,सम्झौता र प्रतिबद्वताको कार्यान्वयन ,निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्थापना गर्ने ।<br>- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धि अनुगमनअनुसन्धान।<br>- लैङ्गिक उत्तरदायि बजेट निर्माण र लैङ्गिक परिक्षण सम्बन्धि कार्य गर्ने।<br>- सामाजिक विकास महाशाखा अन्तर्गत बार्षिक प्रगति प्रतिबेदन तयार गर्ने। | |
| (ख) बालअधिकार तथा सामाजिक न्याय शाखा | - बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बालउद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना सम्वन्धि कार्य गर्ने ।<br>- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।<br>- समाज कल्याण र संघ संस्था सम्बन्धि कार्यहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने। | |

| | | |
|---|---|---|
| | - लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।<br>- सामाजिक सुरक्षा सम्बन्धि प्रादेशिक नीति ,कानून ,मापदण्डको निर्माण तथा कार्यान्वयन,कोष व्यवस्थापन ,नियमन ,राष्ट्रिय र प्रादेशिक ,स्थानिय तह तथा संघ संस्थासंग सम्पर्क ,समन्वय र सहकार्य।<br>- बालअधिकार तथा सामाजिक न्यायसंग सम्वन्धीत कार्यहरु गर्ने । | |
| (ग) युवा तथा खेलकुद महाशाखा | - युवा सम्वन्धी प्रदेश नीति, कानून तथा योजना तर्जमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन<br>- खेलकुद सम्वन्धी प्रदेश नीति, कानून तथा मापदण्द निर्धारण, कार्यान्वनयन र नियमन खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवद्धन<br>- खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन<br>- प्रदेश खेलकुद परिषद सम्वन्धी<br>- जिल्ला खेलकुद परिषद सम्वन्धी<br>- प्रदेशमा युवा तथा खेलकुद सम्वन्धी अन्य गतिविधिहरु सञ्चालन गर्ने | |

## ५. सेवाप्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

मन्त्रालयका महाशाखाहरु र जिम्मेवार कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको छ ।

| सि.नं. | महाशाखाको नाम | महाशाखा प्रमुख | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन तथा योजना महाशाखा | श्री प्रकाशचन्द्र ढुङ्गाना | |
| २. | शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा | श्री तोयनाथ लम्साल | |
| ३. | सामाजिक विकास महाशाखा | श्री हरिबहादुर खपाङ्गी मगर | |
| ४ | उच्च शिक्षा तथा संस्कृति महाशाखा | श्री प्रकाश देवकोटा | |
| ५ | युवा तथा खेलकुद महाशाखा | श्री घनश्याम पौडेल | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सेवाको किसिम र प्रकृति नागरिक बडापत्र बमोजिम हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

| सि.नं | निर्णय | निर्णयकर्ता | कैफियत |
|---|---|---|---|
| १ | महाशाखागत कार्य | महाशाखा प्रमुख | |
| २ | मन्त्रालयको समग्र प्रशासनिक विषय | सचिव | |
| ३ | नीतिगत निर्णय | माननीय मन्त्री | |

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रमुखः डा. शेषनारायण पौडेल

पदः प्रदेश सचिव

## ९. प्रवक्ताः-

नामः- घनश्याम पौडेल

पदः-उपसचिव ( दशौं तह)

## १०. गुनासो सुन्ने अधिकारी

नामः- प्रकाश देवकोटा

पदः-उपसचिव (नवौ तह)

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुखः श्री डा. शेषनारायण पौडेल

पदः प्रदेश सचिव

सूचना अधिकारीः श्री अञ्जना शर्मा

पदः शाखा अधिकृत

## १२. प्रमुख उपलव्धिहरु

**प्रशासन तथा योजना महाशाखा**

- सामी कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न
- प्रदेश तहमा आप्रवासी कामदार सञ्जालको क्षमता विकास कार्यक्रम सम्पन्न
- प्रदेश कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाईको बैठक सम्पन्न

- प्रदेश सभाका श्रम तथा रोजगार र स्वास्थ्यसँग सम्बन्धित विषयगत समितिका सदस्यहरुसँग वैदेशिक रोजगार तथा पुन एकीकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न

**शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा**

१. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धमा गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहहरूसँग दुई समूहमा २०८३ साल जेठ ८ देखि ११ गतेसम्म अभिमुखीकरण कार्यक्रम सम्पन्न।
यस कार्यक्रमबाट माछापुच्छ्रे गाउँपालिका र आँधीखोला गाउँपालिका विद्यालयभन्दा बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको विवरण प्राप्त भइसकेको। र अन्य स्थानीय तहहरूमा पनि विद्यालय उमेर समूहका विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन कार्य भइरहेको।

२. अनुसन्धान सहायता विज्ञान प्रविधिबाहेकका लागि गण्डकी प्रदेशका उच्च शिक्षण संस्थामा कार्यरत जनशक्ति ३ जना र १ जना विद्यार्थीका लागि अनुसन्धान सहायता उपलब्ध गराइएको।

३. सामुदायिक विद्यालय समायोजन मर्जर प्रोत्साहन सहयोग कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशभित्रका समायोजन भई कायम भएका १२ वटा सामुदायिक विद्यालयहरूलाई प्रोत्साहन अनुदान रकम प्रदान गरिएको।

४. कार्यक्रमहरूको वार्षिक समीक्षा तथा भावी मार्गनिर्देशन विषयमा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरूका शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखहरूसँग समीक्षा एवं समन्वय बैठक सम्पन्न।

५. विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरूका लागि स्तर निर्धारण सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

६. यसै मन्त्रालयका शिक्षासम्बन्धी कार्यक्रमहरूको एकमुष्ट प्रगतिसहितको वार्षिक स्थिति प्रतिवेदन तयार गरिएको।

७. यसै मन्त्रालयको सहयोगमा सीप परीक्षणका लागि मूल्याङ्कनकर्ता विकास गर्न प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)को सहयोगमा ४९ जना सीप परीक्षण मूल्याङ्कनकर्ता विकास गरिएको।

८. सिप परीक्षण निर्देशिका र अल्पकालीन तालिम निर्देशिकाको मस्यौदा तयार गरिएको।

९. गण्डकी प्रदेशका विभिन्न १३ वटा स्थानीय तहहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षा सन्जालको सक्रियता सम्बन्धमा बैठक सम्पन्न गरिएको।

१०. गण्डकी प्रदेशका विभिन्न चारवटा जिल्लाहरू का ८० जना शिक्षकहरूका लागि स्थलगत शिक्षक मेन्टरिङ तालिम सञ्चालन गरिएको। आदी।

**युवा तथा खेलकुद महाशाखा**

१. गण्डकी प्रदेशको विभिन्न विद्यालयका ३० जना महिला शिक्षकहरुले स्काउटको ७ कार्यदिनको आधारभूत तालिम (PTC) प्राप्त गरेका २. दोस्रो चरणमा ४४ जनाको लागि स्काउटको एड्भान्स ट्रेनिङ सम्पन्न भएको।

२. प्रदेशको शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि, समाज सेवा लगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका १४ जना युवाहरुको पहिचान गरी सम्मान गरिएको ।
३. बागलुङ, तनहुँ र नवलपरासी (ब सुपूका) युवालाई लक्षित गरी ३ चरणमा दुइ दिवसीय क्षमता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन भएको
४. युवा क्लबको गठन, सञ्चालन, परिचालन र अन्य विविध विषयमा तालिम लिन इच्छुक प्रदेशका युवाक्लबहरुबाट प्रस्ताव आह्वान भइ मुस्ताङ र कास्की जिल्लामा दुइ चरणमा कार्यक्रम सम्पन्न
५. प्रदेशको युवा क्षेत्रमा क्रियाशील विभिन्न युवा सञ्जाल, विद्यार्थी संगठन लगायत उद्यमशील युवाहरुको व्यापक उपस्थितिमा युवाको अवधारणा, नीति, कानून र संरचना एवं युवामैत्री स्थानीय शासनका बारेमा अभिमुखिकरण तथा अन्तरक्रिया गरी विज्ञद्वारा युवाहरुका सवालमा जवाफ दिइएको । सो कार्यक्रमको पृष्ठपोषणको आधारमा आ व २०८३।०८४ को बजेटमा युवाको क्षेत्रमा आवश्यक थप कार्यक्रम तर्जुमा गरिएको ।
६. नवलपरासी (बसुपू)को देवचुली न पा र बौदीकाली गा पा, गोरखाको भिमसेन थापा गाउँपालिका, तथा स्याङ्जाको फेदिखोला गा पाका युवाहरुको लागि विपद् व्यवस्थापन सम्बन्धी प्रयोगात्मक अभ्यास सहितको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको
७. प्रदेशका विभिन्न ९ वटा स्थानीय तहहरुको समन्वय र सहकार्यमा स्वस्थ जीवनशैली अपनाउनको लागि योग तथा ध्यान कार्यक्रम सम्पन्न भएको
८. युवा तथा खेलकुद सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८२ तयार भइ कार्यान्वयन भएको ।
९. अन्तर्राष्ट्रिय ध्यान दिवस र अन्तर्राष्ट्रिय योग दिवस मनाइएको
१०. नेपालको तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय खेलकुद( यु १६ टेनिस प्रतियोगिता र पावर लिफ्टिङ-चीन, यु १६ प्रि क्वालिफाइड डेविस कप-श्रीलंका, स्क्राबल प्रतियोगिता २०२६-थाइल्याण्ड) मा सहभागिता जनाएका ५ जना खेलाडीहरुको लागि यातायात खर्च भुक्तानी दिइ खेलाडीहरुलाई प्रोत्साहित गरेको
११. प्रदेशमा खेलकुद गतिविधिलाई प्रोत्साहित गरी स्वस्थ नागरिक उत्पादन गर्नको लागि प्रदेशका खेलकुद सम्बन्धी १३० विभिन्न संघ संस्थालाई खेलकुद सामग्री वितरण गरिएको
१२. गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी १० जना खेलाडीहरुलाई नगद रकम प्रदान गरी प्रोत्साहित गरिएको
१३. प्रदेशमा आ व २०८२।०८३ मा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने विभिन्न ५५ संघ संस्थालाई अनुदान रकम प्रदान गरिएको ।

**उच्च शिक्षा तथा संस्कृति महाशाखा**

१. गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम अन्तर्गत बिभिन्न ४४ वटा संस्थाहरुलाई अनुदान प्रदान ४२ वटा संस्थालाई रकम भुक्तानी भणको।

२. विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरुलाई व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत विभिन्न १३ वटा विद्यालयहरुसँग सम्झौता गरी कार्यक्रम सम्पन्न भएको।

३. गण्डकी प्रदेशका संग्रहालयलाई प्रोत्साहन अनुदान अन्तर्गत २ वटा संग्रहालयसँग सम्झौता गरी कार्यक्रम सम्पन्न भएको।

४. सामुदायिक तथा सार्वजानिक पुस्तकालयहरुलाई प्रोत्साहन अनुदान अन्तर्गत ८ वटा पुस्तकालयसंग सम्झौता गरी कार्यक्रम सम्पन्न भएको।

६. शैक्षिक परामर्श तथा भाषा शिक्षण गर्ने बिभिन्न ८५ वटा संस्थाहरुलाई सञ्चालन अनुमति प्रमाणपत्र वितरण।

७. लोक दोहोरी प्रतिष्ठान गण्डकीसंग सम्झौता गरी कार्यक्रम सम्पन्न भएको।

८. स्थानीय तह तथा सामुदायिक क्षेत्रसंगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम अन्तर्गत १२ वटा सिकाई केन्द्रहरुलाई २५ वटा कक्षा वितरण गरिएको।

९ गण्डकी विश्वविद्यालयलाई चालु र ससर्त पूँजीगत अनुदान कार्यक्रम अन्तर्गत रु.१४ करोड रकम निकासा भएको।

१०.त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रविकासलाई कार्यक्रम विकास एवम कार्यान्वयनका लागि पहिलो किस्ता स्वरुप रु. ५० लाख रकम निकासा भएको।

११. सामुदायिक क्याम्पस मर्जर प्रोत्साहन कार्यक्रम अन्तर्गत एउटा क्याम्पससंग सम्झौता गरी कार्यक्रम सम्पन्न भएको।

१२. FRIDAY FOR FUTURE कार्यक्रम विभिन्न तहका गरेर १२० जना शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको।

१३. शहिदचोक पोखरामा रहेको पार्कको स्तरोन्नतिका लागी रु.१० लाख रकम निकासा भएको।

**सामाजिक विकास महाशाखा**

- अटिजम स्रोत केन्द्र (जानकी मा.वि. महतगौंडा) सँग अटिजम भएका बालबालिका लक्षित सिकाई सामग्री व्यवस्थापनको लागि अनुदान रकम उपलब्ध गरिएको ।
- प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति वैठक सञ्चालन गरिएको।

- शिशु स्याहार केन्द्रको सञ्चालनका लागि श्री राम आधारभूत विद्यालयलाई रकम उपलब्ध गराइएको ।
- गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र व्यवस्थापन समितिको बैठक सञ्चालन ।
- गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र निर्देशक समितिको बैठक सञ्चालन ।
- गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र स्थानीय समन्वय समितिको बैठक सञ्चालन ।
- गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि कोपिला नेपाललाई रकम उपलब्ध गराइएको ।
- प्रदेश बाल परिषद् बैठक सञ्चालन ।
- गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३ प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भएको ।
- प्रदेश बालबालिका सम्बन्धी नियमावली, २०८३ लाई स्वीकृतिका लागि प्रदेश मन्त्रिरिषद्मा पठाइएको ।
- गण्डकी प्रदेश दलित अधिकार सम्बन्धी नियमावली, २०८३ लाई स्वीकृतिका लागि प्रदेश मन्त्रिरिषद्मा पठाइएको ।
- राष्ट्रिय महिला अधिकार दिवस जेठ १६ तथा जातिय भेदभाव तथा छुवाछुत विरुद्धको राष्ट्रिय दिवस जेठ २१ सम्पन्न गरिएको ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रमबाट १ जनालाई उद्यमशीलता प्रवर्द्धनका लागि अनुदान रकम उपलब्ध गरिएको ।
- राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेश मार्फत सांकेतिक भाषा (दोभाषे) पुनर्ताजगी तालिम १५ जनालाई उपलब्ध गराइएको ।
- जिल्ला बाल अधिकार समिति तथा प्रदेश बाल अधिकार समितिका सदस्यहरुलाई १ दिनको अभिमुखिकरण तालिम सञ्चालन गरिएको ।
- प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वय बैठक तथा समिक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि केयर टेकर व्यवस्थापनका लागि रकम उपलब्ध गराइएको ।
- राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि दोभाषे व्यवस्थापनका लागि रकम उपलब्ध गराइएको ।

- गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्रको लागत अनुमान बमोजिमको पूर्वाधार निर्माणको कार्य सम्पन्न भएको ।
- दिवा शिशु स्याहार केन्द्रमा खानेपानी व्यवस्थापनको लागि डिप वोरिङ सम्बन्धी निर्माण कार्य सम्पन्न भएको ।
- राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत ११ जना महिला उद्यमी तथा १ महिला उद्यमी समूहलाई अनुदान रकम उपलब्ध गराइएको ।
- गण्डकी प्रदेश अपाङ्गता ऐन तथा नियमावली सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रवोधिकरण कार्यक्रम ३ स्थानमा सम्पन्न गरिएको ।
- बालबालिकासँग मुख्यमन्त्री कार्यक्रम सम्पन्न गरिएको ।
- उद्योग तथा व्यवसाय सञ्चालन गरेका प्रदेश भित्रका २३ जना अपाङ्गता भएका व्यक्तिलाई उद्यम/व्यवसाय प्रवर्द्धनका लागि मेशिन/औजार/उपकरणमा अनुदान उपलब्ध गराइएको ।
- उद्योग तथा व्यवसाय सञ्चालन गरेका प्रदेश भित्रका ४३ जना दलित समुदायका व्यक्तिलाई उद्यम/व्यवसाय प्रवर्द्धनका लागि मेशिन/औजार/उपकरणमा अनुदान उपलब्ध गराइएको ।
- १९ जना अपाङ्गता भएका व्यक्तिलाई कृत्रिम खुट्टा उपलब्ध गराइएको ।

**१३. सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण**

- www.mosd.gandaki.gov.np

**१४. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग**

- नभएको

**१५. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको**

| सूचना मागको निवेदन संख्या | फर्छ्यौट | कैफियत |
|---|---|---|
| १ | १ | आ.व २०८२/०८३ |

**१६ . सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- मन्त्रालयका सूचनाहरु मन्त्रालयको सूचना पाटी, स्थानीय देखि राष्ट्रिय पत्रपत्रिकाहरु र मन्त्रालयको वेवसाईट www.mosd.gandaki.gov.np मा समेत प्रकाशन गर्ने गरिएको छ ।